आज मिति २०७८।०८।०८ गते बुधबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामप्रसाद |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जहरी |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०७८।०८।०८**

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.३ कार्यालयबाट श्री श्री १०८ श्री बाबा विश्वकर्मा मन्दिर निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.११ कार्यालयबाट श्री कुमार विक्रम खड्काको आमा श्री गंगा देवी खड्काको स्तन क्यान्सरको थप उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) नेपाली सेना, आर्टिलरी तालिम शिक्षालय, स्कुलटोल, धनुषाबाट ट्राफिक लाइट माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) पावर ग्रुप अफ इन्भेष्टमेन्ट प्रा.लि, ललितपुरबाट लिजमा जग्गा उपलब्ध गराइ पांउ भनी निवेदन पेश भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.१ कार्यालयबाट आनन्दपुरमा महान छठ पर्वको अवसरमा छठीमाईको पूजाको लीगि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.८ कार्यलयबाट वडा कार्यालय भवन निर्माणमा विनियोजित रकम समाजयोजन गर्न अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.२ कार्यालयबाट मिति २०७८।०६।११, १२ र १३ गते जित माहन पर्वको शुभ उपलक्ष्यमा विश्वकर्मा चोकमा हिमालय युवा क्वलद्धारा जितिया मेला, सांस्कृतिक कार्यक्रम आयोजना भएको हुंदा आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं. १ मा छठ पूजाको लागि श्री विसुनदेव साहबाट आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं. ३ कार्यलयबाट श्री रामनन्दी कुटीबाट प्राप्त निवेदन बमोजिमका खानेपानी व्यवस्था गर्न सामाग्री माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा वडा नं.१० कार्यालयबाट श्री राष्ट्रिय आधारभुत विद्यालय, धनौजीमा मन्टेश्वरी कक्षा संचालन तथा विद्यालय मर्मत संभार गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा वडा नं.१० कार्यालयबाट श्री राष्ट्रिय माध्यामिक विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थिहरुलाई शैक्षिक भ्रमणको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. वडा नं.७ स्थित श्री प्रतिभा युवा क्लवले मिथिला सागर गोल्डकपको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. वडा नं.३ कार्यालयबाट मगर टोलमा रहेको जंगेश्वर महादेव मन्दिर निर्माण अधुरो रहेको हुंदा उक्त निर्माण कार्य पूरा गर्नको लागि आवश्यक रकम उपलब्ध गराउन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) मि.न.पा. वडा नं.१० कार्यलयबाट विभिन्न योजनाहरु समायोजन गर्नको लीग अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१५) मि.न.पा. वडा नं.१० कार्यलयबाट बाटो मर्मत सुधार गर्दा लागेको इन्धन वापतको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.१६) थुप्तेन युवा क्लव मि.न.पा. वडा नं.११ तुलसीले कार्यक्रम संचालन अनुमती र आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१७) मि.न.पा. वडा नं.६ नयांटोल निवासी श्री जगदेव पासवानले आफ्नो घर वर्षातको पानी झरीले आफ्नो घर सडीगली वस्न योग्य नभएकोले घर बनाउन आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१८) मि.न.पा. वडा नं.७ केमलीपुर निवासी श्री मनमाया मेजारले आफ्नो फुसको घर वर्षातको पानी झरीले सडीगली वस्न योग्य नभएकोले घर बनाउन आर्थिक सहयोग माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.१९) मि.न.पा. वडा नं.१० कार्यालयबाट शान्तिमाया परियारलाई मोटरसाइकलले दुर्घाटना गराई उक्त मोटरसाइकल बेपत्ता भएकोले औषधी उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२०) श्री लालीगुंरास बाल क्लव, मि.न.पा. वडा नं.६ ढल्केवरले प्रथम प्रदेश नं.२ गांउ स्तरीय पुरुष भलिबल च्याम्पीयन आयोजनाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२१) श्री जनशक्ति बाल क्लव, मि.न.पा. वडा नं.७ ले छठ सांस्कृतिक कार्यक्रम आयोजना गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२२) मि.न.पा. कार्यालयको लागि आवश्यक ऐन, कार्यविधिहरुको मस्यौदा तयारी गर्न निर्देशन दिने सम्बन्धमा ।

प्रस्ताव नं.२३) मि.न.पा. कार्यालय र सि.एम.सि. नेपालको सहकार्यमा नियुक्त मनोसामाजिक संयोजक १ (एक) र मनोसामाजिक कार्यकर्ता २ (दुई) जनाको मासिक तलव बुद्ध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२४) मि.न.पा. कार्यालयको लागि आवश्यक नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२५) मि.न.पा. कार्यालयबाट गत आ.व.०७७।०७८ मा जारी भएका भुक्तानी चेकहरु बैंकबाट भुक्तानी हुन नसकी यस आ.व.मा भुक्तानीको लागि पेश भएका म्याद गुज्रेका चेकहरुका सम्बन्धमा ।

प्रस्ताव नं.२६) मि.न.पा. कार्यालयको लागि आवश्यक कर्मचारी सेवा करारमा नियुक्ति गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.६१२ मिति २०७८।०७।१५ को पत्रबाट श्री श्री १०८ श्री बाबा विश्वकर्मा मन्दिर निर्माण गर्नको लागि आर्थिक सहयोगमा उक्त मन्दिर निर्माण गर्न मठ मन्दिर गुम्बा चैत्य आदि निर्माण शिर्षकबाट रु.१०,००,०००।- ( अक्षरेपी दश लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.३८५ मिति २०७८।०७।२८ को पत्रबाट श्री कुमार विक्रम खड्काको आमा श्री गंगा देवी खड्काको स्तन क्यान्सर भई भक्तपुर क्यान्सर अस्पतालमा अप्रेशन भई सकेको र थप औषधी उपचार गर्न घारको आर्थिक अवस्था कमजोर भएकोले थप उपचारको लागि आर्थिक सहयोग माग भएकोमा निजलाई अन्य सामाजिक सुरक्षा शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा नेपाली सेना, आर्टिलरी तालिम शिक्षालय, स्कुलटोल, धनुषाको च.नं.२१ मिति २०७८।०७।२८ को पत्रबाट त्यस शिक्षालय महेन्द्र राजमार्गबाट करिब ६०० मिटर उत्तरतर्फ रहेको र त्यस स्थानमा प्रशस्त टिकका रुखहरु रहेको तथा नियमित रुपमा सांझ विहान घांस दाउराको लागि व्यारेकको पेरिमिटर भित्र प्रवेश गर्न खोजी सार्वजनिक वनबाट रुखहरु काटी तस्करी समेत गर्ने गरेको पाइएको हुंदा सुरक्षाको दृष्टिकोणबाट यस्ता गैर कानूनी घटना घट्न नदिन तथा हुन सक्ने तस्करीलाई समेत रोक्न राजमार्ग देखि त्यस शिक्षालयसम्म ट्राफिक लाईट पोल सहित ८ (आठ) थान माग भएकोमा उक्त कार्यको लागि सरकारी अर्ध सरकारी कार्यालय सुद्धधिकरण शिर्षकबाट रु.६०,०००।- (अक्षरेपी साठी हजार मात्र) को परिधिभित्र रही सामाग्री खरिद गरी हस्तानतरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा पावर ग्रुप अफ इन्भेष्टमेन्ट प्रा.लि, ललितपुरलबाट मिति २०७८।०७।१४ को पत्रबाट उक्त कम्पनीलाई कृषि प्रयोजन तथा सोलार प्लाण्ट राखी विद्युत उत्पादन र सोको रिसर्च एण्ड डेभलपमेन्ट गर्नको लागि जग्गाको आवश्यकता परेको र त्यस नगरपालिकाको वडा नं.६ अन्तर्गत १५-२० विघा सरकारी जग्गा खाली रहेको भन्ने जानकारीमा आएको हुंदा उपरोक्त प्रयोजनको लागि सो खाली जग्गा यस कम्पनीलाई ३० वर्षको लागि लिजमा उपलब्ध गराई दिनुहुन भनी निवेदन प्राप्त भएकोमा उक्त कार्यको लागि प्रचलिक कानून बमोजिम हुने गरी दुई पक्षिय सम्झौता गर्ने सम्बन्धमा थप छलफलको लागि पत्राचार गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.३९५ मिति २०७८।०७।२२ को पत्रबाट आनन्दपुरमा महान छठ पर्वको अवसरमा छठीमाईको पूजाको लीग आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यलयको च.नं.२८८ मिति २०७८।०७।१६ को पत्रबाट वडा नं.८ को वडा कार्यालय भवन निर्माणको लगि नगरस्तरीय बजेटको सि.नं.१७२ मा विनियोजित रु.२०,००,०००।- र सोही कार्यको लगि वडास्तरीय बजेटको सि.नं.५०८ मा विनियोजित रु.२०,००,०००।- समाजयोजन गरी जम्मा ४०,००,०००।- (अक्षरेपी चालीस लाख

मात्र) बाट नियमानुसार भवन निर्माण गर्न अनुरोध भएकोमा उक्त बजेट समायोजन स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.६२६ मिति २०७८।०७।१६ को पत्रबाट विगत २९ वर्षदेखि निरन्तर रुपले मनाउदै आएको जितमाहन पर्वको शुभ उपलक्षमा मिति २०७८।०६।११,१२ र १३ गते विश्वकर्मा चोकमा हिमालय युवा क्वलद्धारा जितिया मेला, सांस्कृतिक कार्यक्रम आयोजना भएको हुंदा आर्थिक सहयोग माग भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा वडा नं. १ मा छठ पूजा अवसरमा सास्कृतिक कार्यक्रम गर्नको लागि छठ पूजा आयोजक समतिको तर्फबाट श्री विसुनदेव साहले आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलबध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं. ३ कार्यलयको च.नं.६०३ मिति २०७८।०७।१० को पत्रबाट श्री रामनन्दी कुटीबाट प्राप्त निवेदन बमोजिम उक्त कुटीमा खानेपानी व्यवस्था गर्न पानी तान्ने मोटर एक थान १००० लि.को पानी ट्यांकी एक थान, तार तथा पाइपहरु उपलब्ध गराउन अन्य सामाजिक सहायता शिर्षकबाट रु.३१,०००।- (अक्षरेपी एकतीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१० प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा वडा नं.१० कार्यालयको च.नं.६५४ मिति २०७८।०८।०६ र च.नं.६६६ मिति २०७८।०८।०७ को पत्रबाट श्री राष्ट्रिय आधारभुत विद्यालय, धनौजीमा मन्टेश्वरी कक्षा संचालन गर्न उक्त विद्यालयको व्यवस्थापन समितिको निर्णय बमोजिम रु.७,२५,०००।- रकम विनियोजनको लागि माग भएको तथा सोही विद्यालय भवन माथि पर्ने खहरेले विद्यालयको चौर तथा भवनको पिलर भित्र पनी पसी जोखिम रहेको हुंदा सोको व्यवस्थापन गर्न आवश्यक मर्मत संभार गर्न आर्थिक सहयोग माग भएकोमा उक्त कार्यहरुको लागि नगर शिक्षा कोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा मि.न.पा वडा नं.१० कार्यालयको च.नं.६६२ मिति २०७८।०८।०७ को पत्रबाट श्री राष्ट्रिय माध्यामिक विद्यालयको निवेदन बमोजिम उक्त विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थिहरुलाई शैक्षिक भ्रमणको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यलयको च.नं.५१३ मिति २०७८।०८।०८ को पत्रबाट श्री प्रतिभा युवा क्लवले मिति २०७८।०८।२६ देखि मिथिला सागर गोल्डकप आयोजना गर्ने भएको हंदा आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि श्री

प्रतिभा युवा क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.७११ मिति २०७८।०८।०१ को पत्रबाट मगर टोलमा रहेको जंगेश्वर महादेव मन्दिर निर्माण अधुरो रहेको हुंदा उक्त निर्माण कार्य पूरा गर्नको लागि आवश्यक रकम उपलब्ध गराउन माग भएकोमा उक्त मन्दिर निर्माण कार्य पूरा गर्नको लागि मठ मन्दिर गुम्बा चैत्य आदि निर्माण शिर्षकबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यलयको च.नं.६६१ मिति २०७८।०८।०६ को पत्रबाटमाग भए बमोजिम वडा नं.१० को लागि विनियोजित देहायका नगर र वडास्तरीय योजानाहरु समायोजन गर्ने निर्णय पारित गरियो ।

क) नगरस्तरिय योजनाको सि.नं.२०४ मा रहेको धनौजी लालगढ मंगल विक देखि आले घर सम्म सडक ढलानको लागि विनियोजित रु.दुई लाख र वडा स्तरीय योजनाको सि.नं.२० मा रहेको शान्ति बहादुरको घरदेखि पैनी सम्म पि.सि.सी सडक ढलान निर्माणको लाीग विनियोजित रु. पांच लाख समायोजन गर्ने ।

ख) नगररस्तरिय योजनाको सि.नं.१७८ मा रहेको कभड हल मि.न.पा.१० लालगढको लागि विनियोजित रु.पच्चीस लाख र वडा स्तरीय योजनाको सि.नं.९ मा रहेको बहु उपयोगी व्याडमेन्टिन कभर्ड हल निर्माणको लाीग विनियोजित रु.दश लाख लाख समायोजन गर्ने ।

ग) नगरस्तरीय योजनाको सि.नं.२१० मा रहेको प्रविण सुवेदीको घरदेखि बेंगाडावर मुल कुलोसम्म पि.सि.सि ढलानको लागि विनियोजित रु.पांच लाख र वडा स्तरीय योजनाको सि.नं.२४ मा रहेको हाइवेदेखि पश्चिम कुलो सम्म पि.सि.सि. ढलान निर्माण साल्टट्रेडिङ टोलको लागि विनियोजित रु.पांच लाख समायोजन गर्ने ।

घ) नगरस्तरीय योजनाको सि.नं.२१२ मा रहेको माझि टोलमा अधुरो सडक निर्माण पि.सि.सी. ढलानको लागि विनियोजित रु.दश लाख र वडास्तरीय योजनाको सि.नं.२७ मा रहेको ग्रीनभिलेज तेस्रो माझि टोल पि.सि.सि. ढलान निर्माणका लागि विनियोजित रु.दश लाख समायोजन गर्ने ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यलयको च.नं.५६३ मिति २०७८।०७।१६को पत्रबाट लालगढको वडामा रहेको कच्ची बाटोहरु लगायत दुर दराज खोल्सी माझी टोल जाने बाटोहरु आ.व.०७८।०७९ को श्रावण देखा आश्विन महिनासम्म पटक पटक परेको अविरल वर्षाले क्षतविक्षत भएको हुंदा उक्त बाटोहरु मर्मत सुधार गर्दा लागेको यसैसाथ संलग्न इन्धको बिल थान ५(पांच) बमोजिमको जम्मा रु.४५,२५५।- (अक्षरेपी पैंतालिस हजार दुई सय पचपन्न मात्र) भुक्तानीको लागि माग भएकोमा उक्त रकम यस न.पा.काकार्यलयको इन्धन शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१६ मा छलफल गर्दा थुप्तेन युवा क्लव मि.न.पा. वडा नं.११ तुलसीले यही मिति २०७८ मंसिर २३ गतेदेखि पौष २५ गतेसम्म शान्ति समृद्ध उद्योग र व्यापार राष्ट्र निर्माणको बलियो आधार भन्ने मुल नाराका साथ दोस्रो ढल्केवर व्यापार मेला तथा कृषि पर्यटन उद्योग

व्यापार प्रर्वधन एवं सूचना प्रविधिको बृहत प्रर्दशनी कार्यक्रम संचालन अनुमती र आर्थिक सहयोग माग गरेकोमा श्री थुप्तेन युवा क्लवलाई माग बमोजिमको कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ नयांटोल निवासी श्री जगदेव पासवानले आफ्नो घर वर्षातको पानी झरीले सडीगली वस्न योग्य नभएको र घर बनाउन आफू बृद्ध र आर्थिक हैसियत समेत नभएको हुंदा आफ्नो बांच्न पाउने अधिकारको रक्षा गरी फुसकै भएपनी एउटा सानो घर निर्माणमा सहयोग गरी दिनुहुन भनी यस न.पा.कार्यालयमा मिति २०७८।०८।०८ मा निवेदन पेश गरेकोमा निज श्री जगदेव पासवानलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश ~~लाख~~ हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१८ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ नयांटोल निवासी श्री मनमाया मेजारले आफु बस्दै आएको एलानी जमिनमा रहेको फुसको घर वर्षातको पानी झरीले सडीगली वस्न योग्य नभएको र घर बनाउन आफू दलित विपन र शाररिक रुपले असश्त भई कमाउने कोही नभएको हुंदा आफ्नो परिवारको जिवन रक्षाका लागि सहयोग गरी दिनुहुन भनी यस न.पा.कार्यालयमा मिति २०७८।०८।०७ मा निवेदन पेश गरेकोमा निज श्री मनमाया मेजारलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश ~~लाख~~ हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१९) प्रस्ताव नं.१९ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.६६८ मिति २०७८।०८।०७ को पत्रबाट शान्तिमाया परियारलाई मोटरसाइकले दुर्घाटना गराई उक्त मोटरसाइकल बेपत्ता भएको पर निजको आर्थिक अवस्था कमजोर रहेकोले औषधी उपचारको लागि आर्थिक सहयोग माग भएकोमा निजलाई औषधी उपचारको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश ~~लाख~~ हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२०) प्रस्ताव नं.२० मा छलफल गर्दा श्री लालीगुंरास बाल क्लव, मि.न.पा. वडा नं.६ ढल्केवरको मिति २०७८।०७।१० को निवेदनबाट शुभ दिपावली तथा छठ पर्वको अवसरमा नेपालको राष्ट्रिय खेल भलिवल खेल विकास तथा उजागर गर्नका लागि प्रथम प्रदेश नं.२ गांउ स्तरीय पुरुष भलिबल च्याम्पीयन आयोजना हुन गइरहेकोले आर्थिक सहयोग माग भएकोमा उक्त बाल क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१,२५,०००।- (अक्षरेपी एक लाख पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२१) प्रस्ताव नं.२१ मा छलफल गर्दा श्री जनशक्ति बाल क्लव, मि.न.पा. वडा नं.७ ले मिति २०७८।०८।०२ को पत्रबाट यही मिति २०७८।०७।२४ गतेका दिन छठ सांस्कृतिक कार्यक्रम आयोजना गरिएको हुंदा आर्थिक सहयोगको लागि अनुरोध भएकोमा उक्त बाल क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

Scanned by TapScanner

निर्णय नं.२२) प्रस्ताव नं.२२ मा छलफल गर्दा यस मि.न.पा. कार्यालयको लागि आवश्यक भएको न्यायीक समिति कार्यविधि ऐन र बजार व्यवस्थापन निर्देशिकाको मस्यौदा तयार गर्न प्रशासन शाखालाई निर्देशन दिने निर्णय पारित गरियो ।

निर्णय नं.२३) प्रस्ताव नं.२३ मा छलफल गर्दा यस मि.न.पा. कार्यालय र सि.एम.सि. नेपालको सहकार्यमा यस क्षेत्रमा महिला हिंसा न्युनिकरण तथा महिला अधिकार सम्बन्धी कार्य गर्न नियुक्त भएका मनोसामाजिक संयोजक १ (एक) र मनोसामाजिक कार्यकर्ता २ (दुई) जनाको मासिक तलव बृद्धि गर्ने सम्बन्धमा यस न.पा.कार्यालयबाट निजहरुको तलव भत्ताको लागि आ.व.२०७८।०७९ मा विनियोजित रकम मध्येबाटै भुक्तानी हुने गरी प्रति व्यक्ति मासिक रु.१,५००।- (अक्षरेपी एक हजार पांच सय मात्र) तलव बृद्धि गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२४) प्रस्ताव नं.२४ मा छलफल गर्दा मि.न.पा. कार्यालयको लागि आवश्यक यसैसाथ संलग्न "नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७८" स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२५) प्रस्ताव नं.२५ मा छलफल गर्दा यस मि.न.पा. कार्यालयको लागि स्वीकृत दरवन्दि भित्र रही नगर प्रहरी ९ (नौ) र सव इन्जिनियर (पांचौ तह) २ (दुई) सेवा करारमा नियमानुसार नियुक्तिको लागि आवश्यक प्रकृया उठान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२६) प्रस्ताव नं.२६ मा छलफल गर्दा मि.न.पा. कार्यालयबाट गत आ.व.०७७।०७८ मा जारी भएका भुक्तानी चेकहरु विभिन्न कारणले बैंकबाट भुक्तानी हुन नसकी म्याद गुज्रेका चेकहरु यस आ.व.मा भुक्तानीको लागि यस न.पा. कार्यालयमा पेश भएको हुंदा त्यस प्रकारका चेकहरु यस आ.व.को अन्य फिर्ता शिर्षकबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने निर्णय पारित गरियो ।